# हात्तिसुडे सामुदायिक वन उपभोक्ता समूह

# कुरुले तेनुपा : धनकुटा

## जीविकोपार्जन सुधार योजना

## Livelihood improvement plan (LIP)

**२०७० देखी २०७५ सम्म**

**सहयोग**

वहुसरोकारवाला वन कार्यक्रम

सल्भ-नेपाल, रारा समाज विकास सेवा/आर.आर.एन

**तयार गर्ने**

हात्तिसुडे सा.व.उ.स

गा वि स कुरुले तेनुपा, धनकुटा

# जीविकोपार्जन सुधार योजना

# Livelihood improvement plan (LIP)

## भाग-१

### १. परिचयः

कुरुले तेनुपा गाविस धनकुटा जिल्लाको चौविसे क्षेत्रको दुर्गम स्थानमा रहेको पाँचथर जिल्ला संग सिमाना जोडिएको गाविस हो । चौविसे क्षेत्रमा अवश्थित प्राकृतिक सम्पदाले भरिएको यस गाविसमा १३ वटा सामुदायिक वनहरु विगत २० वर्ष देखि क्रियाशिल रहदै आएका छन् । १३ वटा सामुदायिक वन उपभोक्ता समुहको छात्ता संगठन कुरुले तेनुपा गाउँ महासंघ समेत क्रियाशिल रहेको छ । यी वनहरु मध्ये ***हात्तिसुँडे सामुदायिक वन उपभोक्ता समुह*** एउटा प्राकृतिक, मानवीय, भौगोलिक हिसावले अति जोखिम र विपन्नहरुको वस्ती भएको सामुदायिक वन हो । विगतका कार्यक्रमहरुले पनि यस सामुदायिक वन उपभोक्ता समूहलाई आर्थिक, सामाजिक सहयोगको हिस्सा वितवरण गरेको अवस्था हुदा हुदै पनि यस सामुदायिक वन उपभोक्ता समुहको आर्थिक, सामाजिक र समावेशी विकास गर्न सकिएको छैन । व्राम्हाण, क्षेत्री लगाएत आदिवासी जनजातिहरुको पनि उत्तीकै वाहुल्यता रहेको यो सावउसमा उपभोक्ताहरुको जीविकोपार्जनमा सुधार ल्याउनु पहिलो र मुख्य कार्य पर्दछ ।

जीविकोपार्जनका योजनाको साना तिना कार्यक्रम संचालन भए पनि खास ठोस रुपमा र योजनावंद्ध ढंगमा कुनै कार्यक्रमहरु वनेको अवस्था छैन । त्यसैले यहाँका उपभोक्ताहरुको जीविकापार्जनमा विषेश कार्यक्रम संचालन गरी उनीहरुको जीविकापार्जनमा सुधार ल्याउने यो जीविकोपार्जन सुधार योजना निर्माण गर्न आवश्यक भएको हो ।

### १.२ जीविकोपार्जन सुधार योजनाको उद्देश्य

- सामुदायिक वन उपभोक्ता समूहका गरिव, विपन्न, एकल महिलाहरुको जीविकोपार्जनमा सहयोग गर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहमा गरिवमुखी कार्यक्रमहरुलाई एकिकृत रुपमा संचालन गर्ने ।
- कार्यक्रमलाई प्रभावकारी, व्यवस्थित र उपलव्धीमूलक वनाउने ।
- संचालित योजनाहरुलाई विपन्नको अवस्था र चाहना अनुसार संचालन गर्ने ।

**१.३ जीविकोपार्जन सुधार योजना संचालन प्रक्रिया :**

- यो जीविकोपार्जन योजना सामुदायिक वन उपभोक्ता समूहसंग संलग्न विपन्न घरधुरीको योजना हुनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिको पूर्ण वैठकवाट पास गरी आमसभावाट अनुमोदन हुन आवश्यक मानिने छ । तर कार्य संचालनका लागि कार्यसमितिको निर्णयलाई आधार मानिनेछ ।
- यो योजना विपन्नहरुको आय आर्जन, जीविकोपार्जन र आर्थिक उन्नति हुने विषयमा केन्द्रीत गरिनेछ ।
- एक पल्ट संचालन गरेको योजनावाट सम्वन्धीत व्यक्तिका लागि प्रभावकारी योजना निर्माण गर्न प्रयास गरीनेछ ।
- कम्तीमा १ वर्षका लागि योजना संचालन गरिनेछ ।
- यस योजनाका लागि लगानी गर्दा सकेसम्म निव्याजी हुने व्यवस्था मिलाईनेछ । तर समूहले आफ्नो अवस्था अनुसार  वढीमा वार्षिक २ प्रतिशत व्याजमा लागनी गर्न सक्नेछ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा आधारभुत तयारी पछि मात्र सहयोग प्रदान गरिने छ ।
- सामुदीक वन उपभोक्ता समिती मार्फत अनुगमन उप समिती गठन गरि अनुगमनमा सहयोग पुयाईने छ ।
- यो योजनाहरुको प्रभावकारिता ल्याउनका लागि समूहले आफ्नो मुल नियमलाई मुख्य आधार वनाउन सक्नेछ साथै थप निर्णयका आधारमा कार्य संचालन गर्ने सक्नेछ ।

**१.४ कानूनी आधारहरु**

- यो सामुदायिक वन उपभोक्ता समूहको विधान .......... को संशोधित ........... अनुसार रहेको छ ।
- कार्ययोजनाले निर्धारण गरेको नीति तथा कार्यक्रम अनुसार यो योजनामा सहयोग पुग्ने ।
- यस सामुदायिक वनको मिति .........................को कार्यसमितिको निर्णय र मिति .......................................को आमसभावाट अनुमोदिन भएको छ ।
- विधानमा उल्लेखित वा पछिल्लो चोटी सम्पन्न सम्पन्नता स्तरीकरणमा परेको विपन्न घरधुरी घ वर्गको सक्रिय सहभागिता वनेको योजना ।

## भाग २

## जीविकोपार्जन योजना निर्माण प्रक्रिया

### २.१ जीविकोपार्जन योजना किन ?

प्रत्येक घरधुरीको आवश्यकता, चाहना र क्षमताहरु फरक फरक हुन्छन, साथै एउटा घरधुरीले लिने रणनीति तथा जोखिमको अवस्था अर्को भन्दा फरक हुन सक्छ । तसर्थ प्रत्येक घरधुरीको अबस्थाको विश्लेषण गरी बनाईएको योजना प्रभावकारी हुने भएकोले ।

- LIP ले प्रत्येक घरधुरीको आवश्यकमा ध्यान दिने हुँदा यसले गरीब, महिला, दलित, जनजाति तथा अन्य पछाडि पारिएका वर्गहरुको अवस्थामा फरक,फरक किसिमले सहयोग गर्न र सामाजिक समावेशिकरणमा सहयोग पुऱ्याउँने भएकोले ।

- LIP मा विस्तृत रुपमा के कार्यक्रम, कहाँ, कहिले, कस्कालागि, कसको सहयोगमा गर्ने भन्ने प्रष्टसँग लेखिएको योजना तयार हुने भएकोले ।
- अनुगमन र मुल्याकन गरी पारदर्शिता र जवाफदेहिता कायम गर्न ।
- जिल्लामा क्रियाशिल विभिन्न संघ संस्था सरकारी तथा गैर सरकारी संस्थाहरुले गर्ने सहयोगलाई एकिकृत गर्न ।
- गरिव विपन्नमुखी कार्यक्रम तयार गर्न ।

### २.२ निर्माण गर्ने प्रक्रिया

- जिल्ला तहमा कार्यक्रम संचालन गर्ने संस्थाहरु बीच आपसी छलफल वैठक वसी जिल्ला वन समन्वय समितिले नीतिगत निर्णय गरी, सम्वन्धीत कार्यक्रम संचालन गर्ने संस्थाहरुको निर्णय, विश्लेषण, साथै जिल्लामा तयार भएको तथ्य तथ्याङ्कको आधारमा जाखिम नक्साङ्कन गरी जिल्लामा गाविसहरुको छनौट गरियो ।
- गाविस स्तरीय जोखिम नक्साङ्कनका आधारमा यस गाविस भित्रका सामुदायिक वन उपभोक्ता समूहहरुको विश्लेषणवाट यस गाविसमा दुई वटा सावउस मध्ये यस सावउस छनौट गरियो ।[1] र विपन्न घरधुरीहरुको घरधुरी सर्वेक्षण गरियो ।

[1] RRN तयार पारिएको फारम अनुसार घरधुरी सर्वेक्षण गरिएको ।

- प्राप्त सूचना तथ्य तथ्याङ्कका आधारमा विश्षेण गरी यो सुधार योजना निर्माण गरियो ।
- छनौट भएको यस सावउसमा सम्पन्नता स्तरीकरण गरी क, ख, ग, र घ वर्गमा पर्ने घरधुरीहरुको विश्षेणवाट वर्ग छुट्याउने कार्य सम्पन्न भयो ।

**२.३ तथ्यात्त संकलन :**

- LIP को लागि आवश्यक तथ्याङ्क संकलन सहभागितामुलक तरिकाबाट गरिएको छ । यसका लागि सहजकर्ताले समुहका सदस्यहरुलाई दिएको जानकारी, महत्व तथा तरिकाको बारेमा बुझाई सहभागितामुलक ग्रामिण लेखाजोखा (PRA) को विभिन्न तरिकाहरु अपनाएको छ । यी मध्ये मुख्य तरिकाहरु निम्न छन् । यस मध्य कतिपय तरिकाहरु यस अघि नै गरिएको र त्यसैको तथ्यांकहरु समुहमा पहिल्यै देखी अभिलेख गरि राखिएको थियो त्यसैको प्रयोग गरिएको छ ।

- ऐतिहासिक घटनाक्रम विश्लेषणः यसमा समुहका बुढापाका तथा जानिफकारहरुसँग त्यस समुदायमा घटेका प्रमुख घटनाहरु तथा ति घटनाहरुको वन श्रोतको दिगोपन तथा उपभोक्ताहरुको जीविकोपाजर्ननमा परेका असरहरुको बारेमा क्रमिक रुपमा व्याख्या गर्नलाई सहजिकरण गरियो ।

- सहभागितामुलक स्रोत नक्सा तयारी : यसमा वन, समुदाय, र घरधुरी स्तरमा भएका महत्वपूर्ण स्रोतहरु देखाउने काम गरियो । यसले समुहमा भएका स्रोत साधनको सही उपयोग गरी सदस्यहरुको जीवनस्तर सुधार्ने योजना बनाउन सहयोग गरेको छ ।
- मौसमी पात्रो तयारीः उपभोक्ता सदस्यहरु कुन महिनामा बढि व्यस्त र कुन महिनामा फुर्सदिला हुन्छन भन्ने निकाल्न एकातिर गरिने क्रियाकलापहरु र अर्कोतिर महिनाहरु राखि यो पात्रो तयार पारियो । यो पात्रो सवैभन्दा पहिला गाउँ महासंघ तहमा विगतमा पनि र जोखिम नक्सांकनको सिलसिलामा पनि तयार गरि यस सामुदायिक वन क्षेत्रको लागी पनि विश्लेषण गरिएको छ ।
- डालेघाँस, भुईघाँस, NTFP विरुवाहरुको तथा आयमुलक कार्यक्रमको प्राथमिकिकरण गर्न म्याट्रिक्स स्तरीकरण वा जोडी स्तरीकरण (Pairwise ranking) गरि निकाल्ने कार्य गरियो ।
- यसका साथै जीविकोपार्जनको बिभिन्न सम्पतिहरु सँग सम्बन्धित जानकारीहरु घरधुरी भेटघाटको बेला अनुसुचिमा भएको फाराम नं १ र फाराम नं २ अनुसार भर्ने काम गरियो ।

## भाग ३

## सामुदायिक वन उपभोक्ता समूहको वर्तमान अवस्था

**समूह हस्तान्तरण मिति :** **क्षेत्रफलः**

**टोल संस्था :** **जम्मा घरधुरी**

**विषन्न वा घ वर्गको संख्या :**

### ३.१ आय आर्जनसंग सम्वन्धीत क्रियाकलापहरु

- हाल घुम्तिकोष लिइरहेका उपभोक्ताहरुको विवरण

| क्र.सं. | ऋणीको नाम | ठेगाना | घुम्तिकोष रकम | उदेश्य | |
|---|---|---|---|---|---|
| १ | लाल वहादुर थोकर | कुरुले | २००० | वाखापालन | |
| २ | वविता तामांड | कुरुले | २००० | वंगुरपालन | |
| ३ | कृष्ण वहादुर वल | कुरुले | २००० | वंगुरपालन | |
| ४ | यादव वराल | कुरुले | २००० | वाखापालन | |
| ५ | दुर्गा अधिकारी | कुरुले | २००० | वाखापालन | |
| ६ | वुद्धिमान वि.क. | कुरुले | २००० | वंगुरपालन | |
| ७ | रिमल सुवेदि | कुरुले | २००० | वाखापालन | |
| ८ | योगीमाया अधिकारी | कुरुले | २००० | वाखापालन | |
| ९ | जस वहादुर योडजन | कुरुले | २००० | वाखापालन | |

*आयमुलक कार्यक्रम/व्यवसायको स्थिति*

- कुन व्यवसायहरु प्राथमिकताको सुचिमा परेका छन्?
- कुन व्यवसायहरु धेरै घरधुरीहरुले रोजेका छन् ?

- व्यवासयहरुको लागि उपलब्ध स्रोत साधनको अवस्था के छ ?
- स्रोत साधन जुटाउन सक्ने सम्भावना के छ?
- व्यवसायको सवल पक्ष र अवसर विश्लेषण गरी कमजोरी पक्ष तथा चुनौति न्यूनिकरणको लागी सुझाव

*खाद्य सुरक्षाको स्थिति विश्लेषण:*

- आफ्नै जग्गाले कति महिना खाना पुग्छ?
- अपुग खाद्यान्नको व्यबस्था कसरी गरिन्छ?
- जग्गा जमिनको प्रयोग के मा भइरहेको छ ?
- के मा बढाउन सकिन्छ ? नबढेको कारण ?
- उपभोक्तासँग उन्नत जानको पशु छ/छैन ?
- गोठको अवस्था के छ ?अहिले कै अवस्थामा पशु संख्या थप गर्न सकिन्छ ? सकिन्छ भने कति ?

**३.२ प्राकृतिक स्रोत**

वन पैदावरको बार्षिक माँग र आपुर्तिको अवस्था:

- दाउरा/डालेघाँस, घाँस, सोतर आदिको माँग र आपुर्तिको अवस्था के छ ?
- आपुर्ति कम भए अपुग वन पैदावर कसरी ल्याइन्छ ?
- आपुर्ति बढाउने सम्भावनाहरु के के के छन् ? आपुर्ति बढि भए बेचेर आयआर्जन गर्न सक्ने सम्भावना हरु के के छन् ?
- सा.व.मा लगाउन सकिने वन पैदावरहरुको विवरण तथा सम्भावना के के छन् ?
- सावको अवस्था र त्यसको संरक्षण/संबर्धनका लागि सदस्यले गर्नुपर्ने काम ?

नीजि जग्गाको बोट विरुवाहरुको विश्लेषण:

- निजि जग्गामा के के बोटबिरुवाहरु छन् ?
- आवश्यक प्रजाति लगाउन सक्ने सम्भावना के छ ?
- डाले घाँस, भुई घाँसको प्राथमिकिकरण
- प्राथमिकिकरणमा परेका डाले घाँस, भुई घाँसका विरुवाहरु लगाउनको सँग समन्वयन गर्नुपर्ला ?

**३.३ भौतिक**

- बाटो,पुल, विद्यालय, स्वास्थ्य चौकिको स्थिति, सिँचाई, हाट बजारको अवस्था

- यि माथिका पुर्वाधारहरुमा पहुँच बढाउन कुन कुन संघ संस्थासँग समन्वय गर्नुपर्छ ?

## १. घरधुरी स्तरिय योजनाः

| विपन्नको नाम | व्यवसाय/योजना | योजना संचालन गर्ने आधारहरु | आफूसंग भएको सीप | यो योजना तथा व्यवसायमा आफ्नो लगनी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**सम्झौता पत्र**

……………………………………,नेपाल (यसपछि पहिलो पक्षँ भनिएको)…………………………………सामुदायिक वन उपभोक्ता समूह ………………………गा वि स ( यसपछि समूह भनिएको) र उक्त समूहमा छनौट भएका विपन्न घरमुलीका लागी जीविकोपार्जन सहयोग कार्यक्रम (यसपछि कार्यक्रम भनिएको) कार्यान्वयन गर्नको लागि दुबै पक्ष तपशिलका बुँदाहरुमा सहमती भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी गराई एक एक प्रति लियौं दियौ ।

**तपशिल**

१. घरमूलीले बनाएको जीविकोपार्जन योजना अनुसार कार्यक्रम मार्फत तोकिएको रकम हालको लागि पहिलो प्राथमिकतामा परेको योजनामा मात्र लगानी गर्नु पर्नेछ ।

२. योजना अनुसार कार्यक्रम कार्यान्वयन गर्नु अघि गर्नुपर्ने सम्पूर्ण तयारी घरमुली आफैले गर्नुपर्ने छ ।

३. कार्यक्रम मार्फत घरमुलीलाई सा व उ स लाईं प्राप्त हुने रकम रु. …………..(अक्षरेपी …………………… ……………………………………………………… र समूहका प्रतिनिधिको उपस्थितिमा ………………………………………………………लाई हस्तान्तरण गरिएको छ ।

४. कार्यक्रम सञ्चालन भएको ………….. वर्ष पछि योजना अनुसार हस्तान्तरित सावा रकम घरमुलीले समूहलाई फिर्ता गर्नुपर्नेछ । घरमुलीले रकम फिर्ता गर्दा व्याज. …………………………… पर्ने छैन ।

५. भैपरि हुन जाने नोक्सानीको हकमा अनुगमन टोलीले सिफारिस गरे बमोजिम वास्तविक नोक्सानीको मात्रा र कारण हेरि उक्त समुहमा वुझाएको प्रतिवेदनको आधारमा हुने छ ।

६. घरमुलीले जीविकोपार्जन योजना अनुसार काम नगरी रकम अन्यत्र प्रयोग भएको पाइएमा अनुगमन टोलीको सिफारिसमा सो रकम असुल गरी सोही समूहमा छनौट भएको अर्को विपन्नलाई हस्तान्तरण गरिनेछ ।

८. समूहले कार्यक्रम सञ्चालन भएको मिति देखि नै विपन्न घरधुरी र कार्यक्रमको छुट्टै अभिलेख खडा गरी आवधिक रुपमा तथ्याङ्क अध्यावधिक गर्नेछ ।

९. यो सम्झौतामा कुनै बुँदा थप गर्न, वा भई आएका बुँदाहरुमा संशोधन गर्न वा कुनै बुँदा हटाउनु परेमा सम्बन्धित घरमुलीले समूहको रोहवरमा गर्नुपर्नेछ ।

| **सामुदायिक वन उ.स. को तर्फबाट** | **सल्भ -नेपाल को तर्फबाट** |
|---|---|
| नामः | नामः जे.पी.भुजेल |
| दस्तखतः | दस्तखतः |
| पदः अध्यक्ष | पद : ना.का.निर्देशक |
| मितिः २०७० …………..गते | |

*धनकुटा जिल्ला, कुरुले गाविस वार्ड नं. ८ हातिसुडे* सामुदायिक वन उपभोक्ता समूह र समूहमा छनौट भएका विपन्नहरु बीचको <u>विपन्नमुखी जीविकोपार्जन सहयोग कार्यक्रम सम्झौता पत्र</u> बमोजिम गर्ने गराउने गरी तपसीलमा उल्लेखित रकम बुझिलिई यो भरपाई गरिदियौं ।

| सि.नं. | घरमूलिको नाम थर | कार्यक्रमको नाम | जम्मा बुझिलिएको रकम (रु.) | अवधि | बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |